प्रेस विज्ञप्ति

एसियाली पूर्वाधार लगानी बैंक (एआईआईबी)११औं वार्षिक बैठकमा सहभागी भई अर्थमन्त्री डा. स्वर्णिम वाग्ले स्वदेश फिर्ता

सेप्टेम्बर २८—२९, २०२६ मा कतारको राजधानी दोहामा आयोजित एसियाली पूर्वाधार लगानी बैंक (एआईआईबी) को गभर्नर परिषद् (Board of Governors) को ११औं वार्षिक बैठकमा सहभागी हुनुभई अर्थमन्त्री एवं बैंकका लागि नेपालका गभर्नर डा. स्वर्णिम वाग्ले आज स्वदेश फर्कनुभएको छ।

वार्षिक बैठकले अर्थमन्त्री डा. वाग्लेलाई सन् २०२६—२७ का लागि गभर्नर परिषद्को उप-सभापति (Vice-Chair) मा निर्वाचित गरेको छ। सो बैठकले क्षेत्रीय सदस्य राष्ट्रहरूमध्येबाट नेपाललाई उप-सभापतिमा निर्वाचित गरेको हो। बैंकको संस्थापक सदस्य राष्ट्रसमेत रहेको नेपाल पहिलोपटक यस पदमा निर्वाचित भएको हो। यसबाट मुलुकको पूर्वाधार विकासमा बैंकको लगानी विस्तार, प्रविधि हस्तान्तरण र सहकार्यका लागि थप मार्ग प्रशस्त हुने अपेक्षा गरिएको छ।

बैठकको Governors' Business Roundtable मा डा. वाग्लेले पूर्वाधारमार्फत हुने पुँजी निर्माण कम विकसित मुलुकको आर्थिक वृद्धिको प्रमुख स्रोत रहेको उल्लेख गर्दै सडक, विद्युत्, सञ्चार तथा सूचना प्रविधिलगायतका उत्पादनका प्रमुख साधनमा लगानी गर्नुपर्ने र नेपालजस्ता मुलुकको आवश्यकता अनुरूप बैंकको लगानीलाई अधिकतम सहुलियतपूर्ण बनाउनुपर्ने आवश्यकता औंल्याउनुभयो।

भ्रमणको पहिलो दिन अर्थमन्त्री डा. वाग्ले र एसियाली पूर्वाधार लगानी बैंक (एआईआईबी) की अध्यक्ष सुश्री जोउ जियायीबीच भेटवार्ता भई नेपालमा एआईआईबीको लगानी विस्तार, प्रस्तावित आयोजनाहरूको शीघ्र स्वीकृति तथा सहुलियतपूर्ण वित्तीय पहुँचका विषयमा छलफल भएको थियो।

वार्षिक बैठकका क्रममा अर्थमन्त्री डा. वाग्लेले छिमेकी मित्रराष्ट्र भारतका अर्थमन्त्री महामहिम निर्मला सीतारमण र चीनका सहायक अर्थमन्त्री महामहिम जुनहोंग चाङ (H.E. Junhong Chang) सँग शिष्टाचार भेट तथा द्विपक्षीय भेटवार्ता गर्नुभएको थियो। सो भेटवार्ताको क्रममा डा. वाग्लेले व्यापार तथा लगानी अभिवृद्धि, रणनीतिक महत्वका भौतिक पूर्वाधार निर्माण साथै विपद्पछिको उत्थानशील पुनर्निर्माणमा थप सहयोग र सहकार्यमा जोड दिनुभयो। वार्षिक बैठकको अवसरमा डा. वाग्लेले आयोजक राष्ट्र कतारका अर्थमन्त्री महामहिम श्री अली बिन अहमद अल कुवारीसँगको भेटवार्तामा बैठकको सफल आयोजना तथा आतिथ्यका लागि धन्यवाद ज्ञापन गर्नुभयो। उहाँले कतारको आर्थिक विकासमा नेपाली

कामदारहरूले पुऱ्याएको योगदान स्मरण गर्दै नेपालको जलविद्युत्, पूर्वाधार तथा पर्यटन क्षेत्रमा कतारी लगानी विस्तार गर्न आग्रह गर्नुभयो। सोही अवसरमा डा. वाग्लेले बंगलादेशका अर्थ तथा योजना मन्त्री महामहिम आमिर खसरु महमुद चौधरीसँग भेटवार्ता गरी दुई मुलुकबीचको व्यापार, पारवहन, विद्युत् व्यापार तथा लगानीका विषयमा छलफल गर्नु भएको थियो। साथै, व्यावसायिक वातावरण एवम् कर प्रशासन सुधार र सूचना प्रविधि उद्योगको विकासमार्फत उच्च र दिगो आर्थिक वृद्धि हासिल गर्न सफल मुलुक आर्मेनिया र जर्जियाका अर्थमन्त्रीहरुसँग भेटवार्ता गरी अनुभव आदानप्रदान गर्नुभएको थियो।

वार्षिक बैठकका क्रममा भएका बहुपक्षीय तथा द्विपक्षीय संलग्नताले नेपालको आर्थिक विकास, लगानी प्रवर्द्धन तथा विपद्पछिको पुनर्निर्माणका लागि अन्तर्राष्ट्रिय सहयोग र साझेदारी विस्तारमा महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

मितिः २०८३ असोज १४ गते (३० सेप्टेम्बर २०२६)

अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं